नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११९९०
फ्याक्स नं. ०१-४२००३७५

मिति: २०७६।०५।०३

**प.सं.** :-२.१.६.२०७६/०७७ (क.प्र.)

**च.नं.** :- ३४८

विषय :-आ. व. २०७४/०७५ को सम्पत्ति विवरण सम्वन्धमा ।

श्री राष्ट्रिय किताबखाना(शिक्षक)
म्युजियम मार्ग,छाउनी,काठमाण्डौं ।।

उपरोक्त सम्वन्धमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल,काठमाण्डौंको प.सं. सम्पत्ति/ ०७५।०७६ (सम्पत्ति विवरण) , च.नं. २६५९, मिति २०७६। ०३। ०८ को पत्रबाट आ.व. २०७४।०७५ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरुको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक बर्ष २०७४/०७५)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पेश हुँदा सम्पत्ति विवरण नबुझाउने संलग्न विवरणमा उल्लेख भए बमोजिमका पदाधिकारी/कर्मचारीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१ क को उपदफा (२) बमोजिम रु.५०००।- (रु.पाँचहजार) जरिवाना गरी सम्पत्ति विवरण पेश गर्ने /गराउने व्यवस्था हुन र सो को एकमुष्ट जानकारी आयोगमा दिन लेखी पठाउने भनी आयोगबाट मिति २०७६।०२।२० मा निर्णय भएको व्यहोरा अनुरोध गर्दै सो निर्णय शीघ्र कार्यान्वयन गरी आयोगमा जानकारी गराउन भनी लेखी आएको ,

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्णय भई शीघ्र कार्यान्वयनका लागि लेखी आएअनुसार ७७ वटै शिक्षा विकास तथा समन्वय इकाई अन्तर्गत विभिन्न विद्यालयहरुमा कार्यरत कर्मचारी/शिक्षकहरुले आ व २०७४/०७५ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगरेकोले निजहरुलाई जनही रु.५०००।-(रु.पाँचहजार) जरिवाना गरी सो को प्रमाणित भौचर २/२ प्रति एकमुष्ट रुपमा यस मन्त्रालयमा अविलम्व पठाईदिनु हुन र उक्त आ. व. को सम्पत्ति विवरण सम्बन्धित निकायमा पेश गर्ने /गराउने व्यवस्था हुन अनुरोध गरिएको व्यहोरा अवगत नै छ। सो सम्बन्धी सम्पूर्ण कार्यवाहीको त्यहीबाट व्यवस्था मिलाउनु हुन यस मन्त्रालयको मिति २०७६।०५।०३ को निर्णयानुसार अनुरोध छ।

पुनश्च : यस मन्त्रालयमा पछि प्राप्त हुने तथा हाल शिक्षा विकास तथा समन्वय इकाई ,मुस्ताङ,रसुवा,धनुषा ,सल्यान,डोटी,नवलपरासी पश्चिम र तेह्रथुमबाट प्राप्त सम्पत्ति विवरण सम्बन्धी सक्कलै कागजातहरु आवश्यक कार्यवाहीका लागि तहाँ पठाइने/पठाइएको व्यहोरा अनुरोध छ।

...........................
एकराज आचार्य
(शाखा अधिकृत)

**बोधार्थ**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं । -तहाँको प.सं. सम्पत्ति/ ०७५।०७६ (सम्पत्ति विवरण) , च.नं. २६५९, मिति २०७६। ०३। ०८ को पत्रको सन्दर्भमा।

श्री शिक्षा विकास तथा समन्वय इकाई,७७ वटै - आ व २०७४/०७५ को सम्पत्ति विवरण शिक्षकहरुलाई जनही रु.५०००।-(रु.पाँचहजार) जरिवाना गरी सो को प्रमाणित भौचर २/२ प्रति र उक्त आ. व. को सम्पत्ति विवरण समेत दर्ताका लागि श्री राष्ट्रिय किताबखाना(शिक्षक) मा अविलम्व पठाउनु हुन।

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं :-वेभसाइटमा अपलोड हुन।